# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
# (नास्ट)

# कर्मचारी नियुक्ति र बढुवा सम्बन्धी
# कार्य प्रणाली, २०६४

# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
# कर्मचारी नियुक्ति र बढुवा सम्बन्धी कार्य प्रणाली (नियमावली), २०६४

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम १४ तथा ११८ ले दिएको अधिकार प्रयोग गरी सो प्रज्ञा-प्रतिष्ठानको व्यवस्थापन परिषदले प्रज्ञा-प्रतिष्ठानको सेवा आयोगको परामर्शमा देहायका कार्य प्रणाली (विनियमहरु) बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्य प्रणाली (यी नियमहरुको) को नाम **"नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान कर्मचारी नियुक्ति र बढुवा सम्बन्धी कार्य प्रणाली ( विनियमावली), २०६४"** रहेको छ ।

(२) यो कार्य प्रणाली (यी विनियमहरु) तुरुन्त प्रारम्भ हुनेछ ।

### १.२ परिभाषा :

(१) विषय वा प्रस्ंगले अर्को अर्थ नलागेमा यस कार्य प्रणाली (विनियमावली)मा:

(क) **"नियमावली"** भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान कर्मचार प्रशासन नियमावली, २०६४ सम्फनु पर्छ ।

(ख) **"पद"** भन्नाले म्याद तोकिएको वा नतोकिएको सेवाको स्थायी पद सम्फनु पर्छ ।

(ग) **"परिषद"** भन्नाले प्रज्ञा-प्रतिष्ठानको व्यवस्थापन परिषद सम्फनु पर्छ ।

(घ) **"विशेष**" प्रतियोगिताद्वारा नियुक्ति, खुल्ला प्रतियोगिताद्वारा नियुक्ति, कार्यक्षमताको मूल्यांकनद्वारा वा आन्तरिक प्रतियोगिताद्वारा बढुवा" भन्नाले नियमावलीको नियम ७, १६, ३१, ३४ र ३५ अन्तर्गत पदपूर्तिको लागि गरिने व्यवस्था सम्फनु पर्छ ।

(२) ऐन वा नियमावलीमा प्रयुक्त शव्द वा शव्दहरु यस कार्य प्रणाली (विनियमावली) मा पनि प्रयुक्त भएकोमा प्रसंगबश अर्को अर्थ नलागेमा ती शव्द वा शव्दहरुको व्याख्या ऐन र नियमावली कै अनुरुप गरिनेछ ।

१.३ **कार्य प्रणाली (विनियमावली) को व्याख्या** :

कुनै पदाधिकारीले यस कार्य प्रणाली (यो नियमावली) को कुनै दफा प्रयोग गर्दा गरको व्याख्याबाट कुनै कर्मचारीलाई मर्का परेमा निजले परिषद समक्ष निवेदन दिन सक्नेछ । परिषदले सो सम्वन्धमा गरेको व्याख्या अन्तिम हुनेछ ।

तर सेवा आयोगसंग सम्वन्धित विषयमा सेवा आयोग समक्ष निवेदन दिनु पर्नेछ । सेवा आयोगले सो सम्वन्धमा गरेको व्याख्या अन्तिम हुनेछ ।

## परिच्छेद - २
## नियुक्ति र बढुवाको लागि आवश्यक न्यूनतम योग्यता
(नियमावलीको नियम ६, ७ र २१, २४ र २५ संग सम्वन्धित)

२.१ **आवश्यक न्यूनतम शैक्षिक योग्यताको व्यवस्था**

प्रज्ञा-प्रतिष्ठान सेवाका विभिन्न श्रेणी/तहका पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसूची १ (क) मा तोकिए बमोजिम हुनेछ ।

२.२ **खुल्ला प्रतियोगितावाट हुने नियुक्तिको लागि न्यूनतम योग्यता :**

[१]प्रज्ञा-प्रतिष्ठान सेवाका विभिन्न श्रेणी/तह का पदमा नियम ३१ अनुसार खुल्ला प्रतियोगितावाट हुने नियुक्तिको लागि आवश्यक न्यूनतम योग्यता अनुसूची १ (ख) मा तोकिए बमोजिम हुनेछ । तर विज्ञान तथा प्रविधि सेवातर्फ अधिकृत द्वितीय र तृतीय श्रेणीका पदको विशेष जिम्मेवारीका लागि थप योग्यता आवश्यकता भएमा परिषदले त्यस्तो थप योग्यता निर्धारण गरी न्यूनतम योग्यता कायम गर्न सक्नेछ ।

२.३ **आन्तरिक प्रतियोगितावाट हुने बढुवाको लागि न्यूनतम योग्यता :**

प्रज्ञा-प्रतिष्ठानका विभिन्न श्रेणीका पदमा नियम ३५ अनुसार आन्तरिक प्रतियोगिताबाट हुने बढुवाका लागि आवश्यक न्यूनतम योग्यता अनुसूची १(ग) मा तोके बमोजिम हुनेछ ।

२.४ **कार्य क्षमताको मूल्यांकनको आधारवाट हुने बढुवाको लागि न्यूनतम योग्यता** :

प्रज्ञा-प्रतिष्ठानका विभिन्न श्रेणीका पदमा नियम ३४ अनुसार कार्य क्षमताको मूल्यांकनको आधारवाट हुने बढुवाका लागि आवश्यक न्यूनतम योग्यता अनुसूचि १(घ) मा तोके बमोजिम हुनेछ ।

२.५ **बढुवाको विशेष व्यवस्थाको निमित्त न्यूनतम योग्यता** :

कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम ७ को उप-नियम ४(२) अनुसार बढुवाको विशेष व्यवस्था अन्तरगत आन्तरिक प्रतियोगिता तथा कार्य क्षमताको मूल्यांकनवाट बढुवा हुने विभिन्न श्रेणीका पदका निमित्त आवश्यक न्यूनतम योग्यता अनुसूची १(ङ०) मा तोकिए बमोजिम हुनेछ ।

---

[१] १७५ औं व्यवस्थापन परिषदको निर्णय बमोजिम उक्त वाक्यांश थप

**२.६ विशेष प्रतियोगितावाट हुने नियुक्तिको लागि न्यूनतम योग्यताः**

कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम ७ को उप-नियम ४(१) अन्तरगत विभिन्न श्रेणीका पदमा विशेष प्रतियोगितावाट हुने नियुक्तिको लागि आवश्यक न्यूनतम योग्यता अनुसूचि १(च) मा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ३
## नियुक्ति र बढुवाको आधारहरुको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था
(नियम ३१, ३४ र ३५ संग सम्वन्धित)

**३.१ शैक्षिक योग्यताको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था :**

शैक्षिक योग्यताको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था अनुसूचि २ मा तोकिए बमोजिम हुनेछ।

**३.२ तालिमको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था :**
तालिमको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था अनुसूचि ३ मा तोकिए बमोजिम हुनेछ।

**३.३ अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था :**
अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था अनुसूचि ४ मा तोकिए बमोजिम हुनेछ।

**३.४ कार्य अनुभवको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था :**
कार्य अनुभवनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था अनुसूचि ५ मा तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद - ४
## नियुक्ति वा बढुवा सम्वन्धी अन्य व्यवस्था

**४.१ नियुक्ति वा बढुवाको लागि विज्ञापन प्रकाशन :**

(१) सेवा आयोगले नियुक्ति वा बढुवाको लागि आवश्यक विवरण सहित विज्ञापन गर्नुपर्नेछ। यसरी विज्ञापन गर्दा साधारणतया ३५ दिन नघटाई निवेदन दिने म्याद तोक्नु पर्नेछ।

(२) माथि उप-नियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम ७ अनुसारको बढुवाको विशेष व्यवस्था अन्तरगत बढुवा र नियुक्तिका लागि निवेदन दिने समयावधि सेवा आयोगले तोके बमोजिम हुनेछ।

**४.२ नियुक्ति वा बढुवाको नामावलीको प्रकाशन :**
(१) सेवा आयोगले नियुक्ति र बढुवाको लागि सिफारिश भएका उम्मेदवारको नामावली सार्वजनिक रुपमा प्रकाशित गर्नेछ। त्यस्तो नामावलीमा सिफारिश भएका आवेदित उम्मेदवारहरुले प्राप्त गरेको अंक समेत उल्लेख गर्नु पर्नेछ।

(२) नियुक्ति वा बढुवाको नामावली प्रकाशन भएपछि नियुक्ति वा बढुवाका कुनै उम्मेदवारलाई सेवा आयोगको सिफारिश चित्त नबुझेमा त्यस्ता उम्मेदवारले तोकिएको शुल्क बुझाई आफ्नो अंक पुनर्योगको लागि सेवा आयोगमा आवेदन दिन सक्नेछ ।

**४.३ नियुक्ति वा बढुवाको सिफारिशको लागि योग्य नहुने :**

कुनै पनि उम्मेदवारले लिखित तथा अन्तरर्वार्तामा पुर्णाङ्कको ४० प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा नियुक्तिको लागि सिफारिश योग्य हुने छैन ।

**४.४ सेवा आयोगले गर्न सक्ने आवश्यक व्यवस्था :**

नियुक्ति वा बढुवाको कारवाही गर्दा यस कार्य प्रणाली (विनियमावली) मा नपरेको विषयमा वा सो भित्र परेको विषय भए तापनि कार्य प्रणाली (विनियमावली) मा यस्तो गर्ने भन्ने केही व्यवस्था नभएको विषयमा सेवा आयोगले ऐन, नियमावली र यस कार्य प्रणाली ( विनियमावली) को उद्देश्य प्रतिकूल नहुने गरी आवश्यक व्याख्या वा व्यवस्था गर्न सक्नेछ ।

**४.५ लिखित परीक्षा/प्रयोगात्मक परीक्षा र अन्य व्यवस्था (नियम ३१ र ३५ संग सम्वन्धित)**

खुल्ला प्रतियोगिता, विशेष प्रतियोगिता वा आन्तरिक प्रतियोगिता अन्तरगत नियुक्ति वा बढुवा हुने पदहरुको लागि हुने लिखित वा प्रयोगात्मक परीक्षा सम्वन्धी सम्पूर्ण व्यवस्था सेवा आयोगले गर्ने गराउने छ ।

**४.५ अन्तरवार्ता र अन्य व्यवस्था (नियम ३१ र ३५ संग सम्वन्धित) :**

खुल्ला प्रतियोगिता (विशेष प्रतियोगिता) वा आन्तरिक प्रतियोगिता अन्तरगत नियुक्ति वा बढुवा हुने पदहरुको लागि हुने अन्तरवार्ता सम्वन्धी सम्पूर्ण व्यवस्था सेवा आयोगले गर्ने गराउने छ ।

## परिच्छेद - ५
## विविध

**५.१ खारेजी र बचाउ :**

कर्मचारी नियुक्ति र बढुवा सम्वन्धी कार्य प्रणाली, २०६१ खारेज गरिएको छ । उक्त कार्य प्रणाली अनुसार भए गरिएका नियुक्ति वा बढुवा वा अन्य व्यवस्था यसै कार्य प्रणाली ( विनियमावली) बमोजिम भएको मानिनेछ ।

**५.२ कार्यविधि :**

यस कार्य प्रणालीको उद्देश्य र व्यवस्था अनुकूल आ-आफ्नो कार्यक्षेत्र भित्र परिषद र सेवा आयोगले कार्यविधि र फाराम बनाई लागु गर्न सक्नेछ ।

# अनुसूची - २

## शैक्षिक योग्यताको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

(कार्य प्रणाली (विनियमावली) को दफा ३.१ संग सम्बन्धित)

**१.१ खुल्ला प्रतियोगिताको प्रयोजनार्थ :**

(१) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका अधिकृत स्तरका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुने गरि देहाय बमोजिम हुनेछ :

| शैक्षिक योग्यता | विद्यावारिधि | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| १. प्रवेशिका परीक्षा | - | ३ | २ | १ |
| २. प्रविणता प्रमाणपत्र | - | ४ | ३ | २ |
| ३. स्नातक | - | ८ | ७ | ६ |
| ४. स्नातकोत्तर | - | १५ | १३ | ११ |
| ५. विद्यावारिधि | १० | - | - | - |

(२) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सहायक स्तरका प्रथम श्रेणीका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| १. आवश्यक न्यूनतम योग्यता भन्दा एक तह मुनिको शैक्षिक योग्यता | १२ | १० | ८ |
| २. आवश्यक न्यूनतम शैक्षिक योग्यता | १६ | १४ | १२ |
| ३. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता | १२ | १० | ८ |

(३) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सहायकस्तरका द्वितीय श्रेणीका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. आवश्यक न्यूनतम योग्यता | २४ | २० | १६ |
| २. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता | १६ | १२ | ४ |

(४) खुल्ला प्रतियोगिता अन्तरगत विविध सेवाका सहायक स्तरका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क २० (वीस) यसै अनुसूचीको अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | अंक |
|---|---|
| न्यूनतम शैक्षिक योग्यता | १२ |
| एक तह माथिको शैक्षिक योग्यता | ८ |

**द्रष्टव्य :**

*विविध सेवाका निमित्त एक तह माथिको शैक्षिक योग्यता भन्नाले न्यूनतम शैक्षिक योग्यता साक्षर भएकोमा कक्षा ५, न्यूनतम शैक्षिक योग्यता कक्षा ५ भएकोमा कक्षा ८ र न्यूनतम शैक्षिक योग्यता कक्षा ८ भएकोमा एस.एल.सी. वा सो सरह हुनेछ ।*

**१.२ आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ :**

(१) विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सबै श्रेणीका अधिकृत स्तरका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुने गरी देहाय बमोजिम हुनेछ:

| शैक्षिक योग्यता | विद्यावारिधि | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| १. प्रवेशिका परीक्षा | - | ३ | २ | १ |
| २. प्रविणता प्रमाणपत्र | - | ४ | ३ | २ |
| ३. स्नातक | - | ८ | ७ | ६ |
| ४. स्नातकोत्तर | - | १० | ८ | ६ |
| ५. विद्यावारिधि | १५ | - | - | - |

(२) विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सहायक स्तरका प्रथम श्रेणीका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क २० (वीस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछः

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| १. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह मुनिको शैक्षिक योग्यता | ६ | | २ |
| २. आवश्यक न्यूनतम शैक्षिक योग्यता | ८ | ६ | ४ |
| ३. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता | ६ | ४ | २ |

(३) विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सहायक स्तरका द्वितीय श्रेणीका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क २० (वीस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछः

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| १. आवश्यक न्यूनतम योग्यता | १२ | १० | ८ |
| २. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता | ८ | ६ | ४ |

## १.३ कार्यक्षमता मूल्यांकनको आधारवाट हुने प्रतियोगिताको प्रयोजनार्थ :

(१) विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सबै श्रेणीका अधिकृत स्तरका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| शैक्षिक योग्यता | विद्यावारिधि | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| १. प्रवेशिका परीक्षा | - | ३ | २ | १ |
| २. प्रविणता प्रमाणपत्र | - | ४ | ३ | २ |
| ३. स्नातक | - | ८ | ७ | ६ |
| ४. स्नातकोत्तर | - | १० | ८ | ६ |
| ५. विद्यावारिधि | १५ | - | - | - |

(२) विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सहायक स्तरका प्रथम श्रेणीका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| १. आवश्यक न्यूनतम योग्यता भन्दा एक तह मुनिको शैक्षिक योग्यता | १२ | १० | ८ |
| २. आवश्यक न्यूनतम शैक्षिक योग्यता | १६ | १४ | १२ |
| ३. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता | १२ | १० | ८ |

(३) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवा र प्रशासन तथा प्रवर्द्धन सेवाका सहायकस्तरका द्वितीय श्रेणीका पदहरूको लागि शैक्षिक योग्यताको पूर्णाङ्क ४० (चालिस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| १. आवश्यक न्यूनतम योग्यता | २४ | २० | १६ |
| २. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता | १६ | १२ | ८ |

## १.४. <u>शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्था</u> :

(१) योग्यताको अंक दिईदा आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको सम्म मात्र दिइनेछ ।

(२) प्रज्ञा-प्रतिष्ठानको कर्मचारी पदमा नियुक्ति वा बढुवाका उम्मेदवारले आफ्नो योग्यताको आधारमा यसै अनुसूचीको शैक्षिक योग्यताको अंक विभाजनको तालिकामा उल्लेख नभएको शैक्षिक योग्यताको लागि अंक पाउने छैन ।

(३) कम्पार्टमेन्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यताको लागि तृतीय श्रेणीको अंक पाउने छ ।

(४) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यताको लागि द्वितीय श्रेणीको अंक पाउने छ ।

(५) एक वा एक भन्दा बढी तह नाघि शैक्षिक योग्यता हासिल गरेका उम्मेदवारको लागि बीचको तहहरूको निमित्त द्वितीय श्रेणी अंक पाउनेछ ।

(६) भिन्न विषयको समान तहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए ती मध्ये आवेदित पदसंग सम्बन्धित एक शैक्षिक योग्यताको लागि मात्र अंक पाउनेछ ।

# अनुसूची - ३

## <u>तालिमको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था</u>

(कार्य प्रणाली (विनियमावली) को दफा ३.२ संग सम्बन्धित)

## १.१ <u>खुल्ला प्रतियोगिताको प्रयोजनार्थ</u> :

खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तर्गत प्रशासन तथा प्रवर्द्धन सेवाका सहायक स्तरका सबै श्रेणी एवं विविध सेवाका शुरू नियुक्ति हुने पदहरूमा तालिम वापत देहाय बमोजिम अंक दिइनेछ :

(क) मान्यता प्राप्त शिक्षण वा तालिम वा अन्य संस्थाबाट प्राप्त एक महिना भन्दा बढी अवधिको तालिमको लागि प्रत्येक तालिमको वापत बढीमा २ (दुई) अंकका दरले अधिकतम १० (दश) अंक ।

(ख) मान्यता प्राप्त शिक्षण वा तालिम वा अन्य संस्थाबाट प्राप्त ३ (तीन) महिना भन्दा बढी जतिसुकै अवधिको तालिमको लागि प्रत्येक तालिमको वापत बढीमा २.५ (साढेदुई) अंकका दरले अधिकतम १० (दश) अंक ।

**स्पष्टिकरणः**
*तालिम वापत कुल १० अंक भन्दा बढी अंक दिइने छैन ।*

**१.२ कार्यक्षमताको मूल्यांकन तथा आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ :**
कार्यक्षमताको मूल्यांकन तथा आन्तरिक प्रतियोगिताद्वारा प्रशासन तथा प्रवर्द्धन सेवाका सबै श्रेणीका सहायक स्तरका पदमा बढुवाको लागि ३ महिना भन्दा बढी अवधिको लागि प्रत्येक तालिम वापत बढीमा २.५ (साढेदुई) अंकका दरले अधिकतम १० (दश) अंक ।

## अनुसूची - ४
## अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

(कार्य प्रणाली (विनियमावली) को दफा ३.३ संग सम्बन्धित)

### १.१ खुल्ला प्रतियोगिताको प्रयोजनार्थ :

(१) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवाका सबै श्रेणीका अधिकृतस्तरका पदहरूको लागि अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क ५० (पचास) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| अनुसन्धान तथा कृति | प्रति इकाई अधिकतम अंक | अधिकतम कुल अंक |
|---|---|---|
| १. अनुसन्धान परियोजना प्रतिवेदन बढीमा ३ (तीन) | ५ X ३ | १५ |
| २. कृति प्रकाशन :<br>क) पुस्तक प्रकाशन बढीमा २ (दुई) अथवा<br>अनुसन्धनात्मक मौलिक पुस्तक १ (एक)<br>ख) अनुसन्धनात्मक लेख प्रकाशन बढीमा ५ (पाँच) | <br>५ X २ अथवा<br>१० X १<br>५ X ५ | <br>१०<br><br>२५ |
| **पूर्णाङ्क** | **-** | **५०** |

(२) प्रशासन तथा प्रवर्द्धन सेवाका अधिकृतस्तरका पदहरूको लागि अनुसन्धान तथा कृति प्रकाशन/तालिमको पूर्णाङ्क १० (दस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| अनुसन्धान तथा कृति | प्रति इकाई अधिकतम अंक | अधिकतम कुल अंक |
|---|---|---|
| १. तालिम बढीमा २ (दुई) | २.५ X २ | ५ |
| २. कृति प्रकाशन :<br>क) पुस्तक प्रकाशन बढीमा १ (एक)<br>ख) अनुसन्धनात्मक लेख प्रकाशन बढीमा २ (दुई) | <br>२ X १<br>१.५ X २ | <br>२<br>३ |
| **पूर्णाङ्क** | **-** | **१०** |

## १.२ आन्तरिक प्रतियोगिता तथा कार्य क्षमताको मूल्यांकनको प्रयोजनार्थ :

(१) विज्ञान तथा प्रविधि सेवाका सबै श्रेणीका अधिकृतस्तरका पदहरूको लागि अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क ५० (पचास) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेगरी देहाय बमोजिम हुनेछ :

| **अनुसन्धान तथा कृति** | **प्रति इकाई अधिकतम अंक** | **अधिकतम कुल अंक** |
|---|---|---|
| १. अनुसन्धान परियोजना प्रतिवेदन बढीमा ३ (तीन) | ५ X ३ | १५ |
| २. कृति प्रकाशन :<br>क) पुस्तक प्रकाशन बढीमा २ (दुई) अथवा<br>मौलिक पुस्तक १ (एक)<br>ख) अनुसन्धनात्मक लेख प्रकाशन बढीमा ७ (सात)<br>३. थेसिस सुपेरीवेक्षणः स्नातकोत्तर तहको लागि बढीमा ४ (चार) वा विद्यावारिधिको लागि (एक) | <br>५ X २ अथवा<br>१० X १<br>३ X ७<br>१ X ४ | <br>१०<br><br>२१<br>४ |
| **पूर्णाङ्क** | **-** | **५०** |

(२) प्रशासन तथा प्रवर्द्धन सेवाका अधिकृतस्तरका पदहरूको लागि अनुसन्धान तथा कृति प्रकाशन/तालिमको पूर्णाङ्क १० (दस) यसै अनुसूचीको अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुने गरी देहाय बमोजिम हुनेछ :

| **अनुसन्धान तथा कृति** | **प्रति इकाई अधिकतम अंक** | **अधिकतम कुल अंक** |
|---|---|---|
| १. तालिम बढीमा २ (दुई) | २.५ X २ | ५ |
| २. कृति प्रकाशन :<br><br>क) पुस्तक प्रकाशन बढीमा १ (एक)<br><br>ख) अनुसन्धनात्मक लेख प्रकाशन बढीमा २ (दुई) | <br><br>२ X १<br><br>१.५ X २ | <br><br>२<br><br>३ |
| **पूर्णाङ्क** | **-** | **१०** |

**१.३ अनुसन्धान तथा कृति सम्बन्धी अन्य व्यवस्थाहरू :**

(१) प्रज्ञा-प्रतिष्ठानको कुनै पदमा नियुक्ति वा बढुवाको उम्मेदवारले गरेको अनुसन्धान परियोजना आफ्नो विषय क्षेत्रसंग सम्वन्धित अनुसन्धान वा प्रज्ञा-प्रतिष्ठानको कार्यसंग सम्बन्धित हुनु पर्नेछ ।

(२) प्रज्ञा-प्रतिष्ठानको कुनै पदमा नियुक्ति वा बढुवाको उम्मेदवारले लेखेको पुस्तक वा लेख आफ्नो शैक्षिक योग्यता वा आवेदित पदको कार्य वा प्रज्ञा-प्रतिष्ठानको उद्देश्य वा कार्यसंग सम्बन्धित हुनु पर्नेछ ।

(३) अनुसन्धान परियोजना, पुस्तक र लेख प्रकाशन सम्बन्धित विषयको हो होइन भन्ने कुराको साथै सोको गुणस्तरका आधारमा दिइने अधिकतम अंकको निर्धारण सेवा आयोगले विशेषज्ञ वा विशेषज्ञ समितिको सिफारिशको आधारमा गर्नेछ । त्यस्तो निर्णय अन्तिम मानिनेछ ।

(४) बहु लेखकको नाममा प्रकाशित कृतिको मूल्यांकन गर्दा उक्त कृतिको पूर्णाl को आधारमा दामासाहीको दरले अंक दिइने छ ।

(५) एक पटक प्रज्ञा-प्रतिष्ठानमा नियुक्ति वा बढुवाको लागि उपयोग गरि सकेको कृतिहरू पुनः नियुक्ति वा बढुवाको लागि मूल्यांकन गरिने छैन ।

(६) सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि भएको विज्ञापन अनुसार आवेदन दिने अन्तिम मिति पछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशनको मूल्यांकन गरिने छैन ।

## अनुसूची - ५

## कार्य अनुभवको पूर्णाl विभाजन र अन्य व्यवस्था

(कार्य प्रणाली (विनियमावली) को दफा ३.४ संग सम्बन्धित)

**१. खुल्ला प्रतियोगिताको प्रयोजनार्थ :**

(१) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवाका द्वितीय श्रेणीका अधिकृत स्तरका पदमा नियुक्तिका लागि आवेदक उम्मेदवारको कार्य अनुभवको गणना देहाय बमोजिम हुनेछ :

नेपाल सरकारको प्राविधिक सेवा तर्फ वा प्रज्ञा-प्रतिष्ठानको सम्वन्धित सेवा तर्फ अधिकृत स्तरमा वा त्रिभुवन विश्वविद्यालय वा अन्य विश्वविद्यालय सेवाको कम्तिमा सहायक प्राध्यापक वा अर्ध सरकारी संस्थामा प्राविधिक अधिकृतस्तरमा सेवा गरे वापत प्रति सेवा वर्ष २ (दुई) अंकका दरले अधिकतम २० (वीस) अंक ।

(२) खुल्ला प्रतिगोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवाका तृतीय श्रेणीका अधिकृत स्तरका पदमा नियुक्तिका लागि आवेदक उम्मेदवारको कार्य अनुभवको गणना देहाय बमोजिम हुनेछ :

नेपाल सरकारको प्राविधिक सेवा तर्फ वा प्रज्ञा-प्रतिष्ठानको सम्वन्धित सेवा तर्फ अधिकृत स्तरमा वा त्रिभुवन विश्वविद्यालय वा अन्य विश्वविद्यालय सेवाको कम्तिमा सहायक प्राध्यापक वा अर्धसरकारी संस्थामा प्राविधिक अधिकृतस्तरमा सेवा गरे वापत प्रति सेवा वर्ष २ (दुई) अंक का दरले अधिकतम १० (दश) अंक । यसरी अंक दिंदा ६ महिना भन्दा कम अवधिको लागि कुनै अंक दिइने छैन र ६ महिना भन्दा बढी एक वर्ष नपुगेसम्मको अवधिलाई एक वषर्ए बरावरले अंक दिइनेछ ।
तर नेपाल सरकारको राजपत्र अनंकित वा सो सरहको सहायक स्तरको प्राविधिक पदमा सेवा गरे वापत प्रति वर्ष १ (एक) अंकका दरले अधिकतम ५ (पाँच) अंक दिइनेछ ।

**स्पष्टिकरण**:

*राजपत्र अनंकित र सहायक स्तरका सेवा गरे वापत ५ (पँच) अंक भन्दा बढी हुने छैन ।*

(३) खुल्ला प्रतिगोगिता वा विशेष प्रतियोगिता अन्तरगत प्रशासन तथा प्रवर्द्धन सेवाका द्वितीय श्रेणीका अधिकृत स्तरका पदमा नियुक्तिका लागि आवेदक उम्मेदवारको कार्य अनुभवको गणना देहाय बमोजिम हुनेछ :

नेपाल सरकारको प्रशासन सेवा तर्फ वा प्रज्ञा-प्रतिष्ठानको सम्वन्धित सेवा तर्फ अधिकृत स्तरमा वा त्रिभुवन विश्वविद्यालय वा अन्य विश्वविद्यालय सेवाको कम्तिमा सहायक प्रशासक, सहायक प्राध्यापक वा अर्धसरकारी संस्थामा अधिकृत स्तरमा सेवा गरे वापत प्रति सेवा वर्ष ३ (तीन) अंकका दरले अधिकतम ३० (तीस) अंक ।

(४) खुल्ला प्रतिगोगिता वा विशेष प्रतियोगिता अन्तरगत प्रशासन तथा प्रवर्द्धन सेवाका तृतीय श्रेणीका अधिकृत स्तरका पदमा नियुक्तिका लागि आवेदक उम्मेदवारको कार्य अनुभवको गणना देहाय बमोजिम हुनेछ :

नेपाल सरकारको प्रशासन सेवा तर्फ वा प्रज्ञा-प्रतिष्ठानको सम्वन्धित सेवा तर्फ अधिकृत स्तरमा वा त्रिभुवन विश्वविद्यालय वा अन्य विश्वविद्यालय सेवाको कम्तिमा सहायक प्रशासक, सहायक प्राध्यापक, शिक्षण सहायक वा अर्धसरकारी संस्थामा प्राविधिक अधिकृत स्तरमा सेवा गरे वापत प्रति सेवा वर्ष २ (दुई) अंक का दरले अधिकतम १० (दश) अंक । यसरी अंक दिंदा ६ महिना भन्दा कम अवधिको लागि कुनै अंक दिइने छैन र ६ महिना भन्दा बढी एक वर्ष नपुगेसम्मको अवधिलाई एक वर्ष वरावरले अंक दिइनेछ ।

तर नेपाल सरकारको राजपत्र अनंकित वा सो सरहको सहायक स्तरको प्राविधिक पदमा सेवा गरे वापत प्रति वर्ष १ (एक) अंकका दरले अधिकतम ५ (पँ‘च) अंक दिइनेछ ।

**<u>स्पष्टिकरण</u>**:
*राजपत्र अनंकित र सहायक स्तरका सेवा गरे वापत ५ (पँ‘च) अंक भन्दा बढी हुने छैन ।*

(५) खुल्ला प्रतियोगिता वा विशेष प्रतियोगिता अन्तरगत विज्ञान तथा प्रविधि सेवा, प्रशासन तथा प्रवर्द्धन सेवा र विविध सेवाका सहायक स्तरका पदमा नियुक्तिका लागि आवेदक उम्मेदवारको कार्य अनुभवको गणना देहाय बमोजिम हुनेछ :

नेपाल सरकारको प्राविधिक वा प्रशासन सेवा तर्फ वा प्रज्ञा-प्रतिष्ठानको सम्वन्धित सेवा तर्फ सहायक स्तरमा वा त्रिभुवन विश्वविद्यालय वा अन्य विश्वविद्यालय सेवाको सहायक स्तरमा वा अर्धसरकारी संस्थामा सहायक स्तरमा सेवा गरे वापत प्रति सेवा वर्ष २ (दुई) अंकका दरले अधिकतम १० (दस) अंक ।

**अनुसूची - १(क)**
**(विनियम २.१ संग सम्बन्धित)**
**<u>कर्मचारी प्रशासन नियमावली २०६४ अनुसार प्रज्ञा-प्रतिष्ठान सेवाका विभिन्न श्रेणी/तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता</u>**

| स्तर | श्रेणी/ तह (पद) | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| अधिकृत | द्वितीय श्रेणी | विज्ञान तर्फको सम्बन्धित विषयमा पि.एच.डी. वा सो सरह अथवा प्राविधिक विषय तर्फ स्नातकोत्तर वा सो सरह | स्नातकोत्तर वा सो सरह | |
| | तृतीय श्रेणी | विज्ञानमा स्नातकोत्तर वा सो सरह अथवा प्राविधिक विषयमा स्नातक वा सो सरह | स्नातक वा सो सरह | |
| | प्रथम श्रेणी | विज्ञानमा स्नातक वा सो सरह अथवा प्राविधिक विषयमा प्रमाणपत्र वा सो सरह | प्रमाणपत्र वा सो सरह | |
| | द्वितीय श्रेणी | एस.एल.सी. वा सो सरह | एस.एल.सी. वा सो सरह | |
| | तृतीय श्रेणी | टेष्ट पास वा दश कक्षा उर्तीण | टेष्ट पास वा दशकक्षा उर्तीण | |
| | सवारी चालक-१ | - | - | निम्न माध्यामिक स्तर उत्तिर्ण |
| | सुरक्षा गार्ड-१ | - | - | निम्न माध्यामिक स्तर |

| | | | | |
|---|---|---|---|---|
| **सहायक (विविध सेवा)** | | | | उत्तिर्ण |
| | प्रयोगशाला सहयोगी - १ (ल्याव व्वाई-१) | - | - | [२]एस.एल.सी वा सो सरह |
| | कार्यालय सहयोगी -१ (पियन-१, रनर-१) | - | - | [३]प्राथमिकस्तर कक्षा ५ उत्तिर्ण |
| | कुचिकार-१, माली-१ | - | - | साक्षर |

**<u>द्रष्टव्य:</u> प्राविधिक विषय भन्नाले कृषि, मेडिसिन, इन्जिनिरिङ्ग, कम्प्यूटर, खाद्य प्रविधि आदि प्राविधिक विज्ञान का विषयलाई जनाउँछ ।**

६

[२] १८३औं व्यवस्थापन परिषदको निर्णयबाट संशोधित

[३] १८३औं व्यवस्थापन परिषदको निर्णयबाट संशोधित

## अनुसूची - १(ख)
## (विनियम २.२ संग सम्बन्धित)

**कर्मचारी प्रशासन नियमावली २०६४ अनुसार प्रज्ञा-प्रतिष्ठान सेवा विभिन्न श्रेणी/तहका पदमा खुल्ला प्रतियोगिताबाट हुने नियुक्तिको लागि आवश्यक न्यूनतम योग्यता**

| स्तर | श्रेणी/ तह (पद) | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| **अधिकृत** | द्वितीय श्रेणी | सम्बन्धित विषयमा पि.एच.डी. वा सो सरह अथवा प्राविधिक विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई सम्बन्धित विषयमा अनुसन्धानात्मक कृति प्रकाशन गरेको | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई सरकारी वा अर्ध सरकारी वा प्रतिष्ठित संस्थाको सम्बन्धित विषयको अधिकृत स्तरको पदमा कम्तिमा ५ वर्षको अनुभव | |
| | तृतीय श्रेणी | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह अथवा प्राविधिक विषयमा स्नातक वा सो सरह | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई कम्प्यूटर तालिम प्राप्त | |

| स्तर | श्रेणी/ तह (पद) | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| | प्रथम श्रेणी | विज्ञानमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई कम्प्यूटर तालिम प्राप्त अथवा प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई कम्प्युटर तालिम प्राप्त | प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्ता भई कम्प्युटर तालिम प्राप्त | |
| | द्वितीय श्रेणी | एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यता भई मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा तालिम सहित कम्प्युटरको तालिम प्राप्त | एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यता भई कम्प्युटर तालिम प्राप्त | |
| **सहायक** | सवारी चालक-१ | - | - | निम्नमाध्यामिक स्तर उत्तिर्ण भई सवारी चालकको अनुमतिपत्र प्राप्त |
| | सुरक्षा गार्ड-१ | - | - | निम्नमाध्यामिक स्तर उत्तिर्ण भई सुरक्षा सम्बन्धि ३ महिनाको तालिम प्राप्त अथवा सेना वा प्रहरी सेवाको अनुभव प्राप्त |
| | प्रयोगशाला सहयोगी - १ (ल्याव व्वाई-१) | - | - | [४]एस.एल.सी वा सो सरहको शैक्षिक योग्यता भई सम्बन्धित कामको तालिम वा अनुभव प्राप्त |
| | कार्यालय सहयोगी -१ (पियन-१, रनर-१) | - | - | [५]प्राथमिकस्तर कक्षा ५ उत्तिर्ण |
| | कुचिकार-१, माली-१ | - | - | साक्षर भई सम्बन्धित कामको २ वर्षको अनुभव प्राप्त |

**<u>द्रष्टव्य:</u> प्राविधिक विषय भन्नाले कृषि, मेडिसिन, इन्जिनिरिङ्ग, कम्प्यूटर, खाद्य प्रविभि आदि प्राविधिक विज्ञान का विषयलाई जनाउँछ ।**



[४] १८३औं व्यवस्थापन परिषदको निर्णयबाट संशोधित

[५] १८३औं व्यवस्थापन परिषदको निर्णयबाट संशोधित

**अनुसूची - १(ग)**
**(विनियम २.३ संग सम्बन्धित)**

**क.प्र.नियमावली,२०६४ अनुसार प्रज्ञा-प्रतिष्ठानका विभिन्न श्रेणीका पदमा आन्तरिक प्रतियोगिताबाट हुने बढुवाको लागि आवश्यक न्यूनतम योग्यता**

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| अधिकृत | विशिष्ट | सम्बन्धित विषयमा पी.एच.डी. वा सो सरहको शैक्षिक योग्यता भई राष्ट्रिय/अन्तराष्ट्रिय जर्नलमा अनुसन्धानात्मक कृति प्रकाशन भएको र नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई राष्ट्रिय/अन्तराष्ट्रिय जर्नलमा कम्तिमा ५ वटा स्तरीय अनुसन्धानात्मक कृति प्रकाशन भएको र नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १२ वर्षको अनुभव | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १२ वर्षको अुनभव<br>अथवा<br>स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १८ वर्षको अनुभव | |

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| | प्रथम | सम्बन्धित विषयमा पी.एच.डी.वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव सहित राष्ट्रिय/अन्तराष्ट्रिय जर्नलमा कृति प्रकाशन भएको | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको कार्य अनुभव सहित अधिकृत स्तरमा कुल १०वर्षको | |

| | | | | |
|---|---|---|---|---|
| | | अथवा<br>सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई राष्ट्रिय/ अन्तराष्ट्रिय जर्नलमा अनुसन्धानात्मक कृति प्रकाशन भएको र नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृतस्तरको पदमा कुल १० वर्षको अनुभव<br>अथवा<br>प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई राष्ट्रिय/अन्तराष्ट्रिय जर्नलमा कृति प्रकाशन भएको र नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १५ वर्षको अनुभव | अनुभव<br>अथवा<br>स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरमा कुल १३ वर्षको अनुभव | |
| | द्वितीय | सम्बन्धित विषयमा पी.एच.डी वा सो सरहको शैक्षिक योग्यता भई वा प्राविधिक विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कुल ७ वर्षको अनुभव | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कूल ७ वर्षको अनुभव | |

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| | तृतीय | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>विज्ञानमा स्नातक वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा प्रविणता प्रमाण पत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा १० वर्ष सहित कुल १३ वर्षको अनुभव | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा १० वर्ष सहित कुल १३ वर्षको अनुभव | |
| **सहायक** | प्रथम | विज्ञानमा स्नातक वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्ष सहित कुल ८ वर्षको अनुभव | प्रविणता प्रमाणपत्रको शैक्षिक योग्यता भई एक तह मुनीको पदमा ५ वर्षको अनुभव<br>अथवा<br>S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्ष सहित कुल ८ वर्षको अनुभव | |
| | द्वितीय | S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्षको अनुभव<br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कुल ८ वर्षको अनुभव | S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्षको अनुभव<br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कुल ८ वर्षको अनुभव | |

**द्रष्टव्य: प्राविधिक विषय भन्नाले कृषि, मेडिसिन, इन्जिनिरिङ्ग, कम्प्यूटर, खाद्य प्रविधि आदि प्राविधिक विज्ञान का विषयलाई जनाउँछ ।**

**अनुसूची -१(ङ)**
**(विनियम २.५ संग सम्बन्धित)**
**क.प्र.नियमावली २०६४ को नियम ७ को उपनियम ४(२) अनुसार बढुवाको विशेष व्यवस्था अन्तरगत विभिन्न श्रेणीका पदमा आन्तरिक प्रतियोगिता तथा कार्य क्षमताको मूल्यांकनबाट हुने वढुवाको निमित्त आवश्यक न्यूनतम योग्यता**

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| **अधिकृत** | द्वितीय | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह अथवा प्राविधिक विषयमा स्नातक वा सो सरह को शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम निम्न अनुसारको सेवा अवधि पुरा भएको: अधिकृत तृतीय श्रेणीको (क) तलब स्केलको पदमा कम्तिमा ५ वर्ष वा अधिकृत तृतीय श्रेणीको (ख) तलब स्केलको पदमा कम्तिमा ७ वर्ष सहित कुल १२ वर्ष वा अधिकृत तृतीय श्रेणीको (ग) तलब स्केलको पदमा कम्तिमा १० वर्ष सहित कुल १२ वर्ष | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम निम्न अनुसारको सेवा अवधि पुरा भएको:<br>अधिकृत तृतीय श्रेणीको (क) तलब स्केलको पदमा कम्तिमा ५ वर्ष वा अधिकृत तृतीय श्रेणीको (ख) तलब स्केलको पदमा कम्तिमा ७ वर्ष सहित कुल १२ वर्ष वा अधिकृत तृतीय श्रेणीको (ग) तलब स्केलको पदमा कम्तिमा १० वर्ष सहित कुल १२ वर्ष | |
| | तृतीय | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह अथवा प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्ता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम निम्न अनुसारको सेवा अवधि पुरा भएको: तह स. ७ को पदमा ५ वर्ष वा तह स. ६ को पदमा कम्तिमा ७ वर्ष सहित कुल १२ वर्ष वा तह स.५ को पदमा कम्तिमा १० वर्ष सहित कुल १२ वर्ष<br>अथवा<br>विज्ञानमा स्नातक वा सो सरह अथवा प्राविधिक विषयमा प्रविणता प्रमाण-पत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम नियमानुसार सेवा अवधि पुरा भएको:<br>तह स. ७ को पदमा कम्तिमा ११ वर्ष सहित कुल १५ वा तह स. ६ को पदमा कम्तिमा १२ वर्ष सहित कुल १५ वर्ष वा तह स. ५ को पदमा कम्तिमा १३ वर्ष सहित कुल १५ वर्ष | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम निम्न अनुसारको सेवा अवधि पुरा भएको:<br>तह स.७ को पदमा ५ वर्ष वा तह स. ६ को पदमा कम्तिमा ७ वर्ष सहित कुल १२ वर्ष वा तह स.५ को पदमा कम्तिमा १० वर्ष सहित कुल १२ वर्ष<br>अथवा<br>प्रविणता प्रमाण-पत्र वा सो सरह भई नास्टको तत्कालिन क.प्र नियमावली, २०५७ वमोजिम नियमानुसार सेवा अवधि पुरा भएको:<br>तह स. ७ को पदमा कम्तिमा ११ वर्ष सहित कुल १५वर्ष वा तह स.६ को पदमा कम्तिमा १२ वर्ष सहित कुल १५ वर्ष वा तह स. ५ को पदमा कम्तिमा १३ वर्ष सहित कुल १५ वर्ष | |

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| **सहायक** | प्रथम | विज्ञानमा स्नातक सो सरह अथवा प्राविधिक विषयमा प्रविणता प्रमाण-पत्र वा सो सरहको शैक्षिक योग्ता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ४ को पदमा कम्तिमा ५ वर्ष सहित कुल १० वर्षको सेवा अवधि पुगेको<br>अथवा<br>S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ४ को पदमा कम्तिमा १० वर्ष सहित कुल १३ वर्षको सेवा अवधि पुगेको<br>अथवा<br>टेस्ट पास वा १० कक्षाको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ४ को पदमा कम्तिमा १२ वर्ष सहित कुल १५ वर्षको सेवा अवधि पुगेको । | प्रविणता प्रमाण-पत्र वा सो सरहको शैक्षिक योग्ता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ४ को पदमा कम्तिमा ५ वर्ष सहित कुल १० वर्ष सेवा अवधि पुगेको<br>अथवा<br>S.L.C. वा सो सरह भई तत्कालिन नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ४ को पदमा कम्तिमा १० वर्ष सहित कुल १३ वर्षको सेवा अवधि पुगेको<br>अथवा<br>टेस्ट पास वा १० कक्षा उर्तीणको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ४ को पदमा कम्तिमा १२ वर्ष सहित कुल १५ वर्षको सेवा अवधि पुगेको । | |
| | द्वितीय | S.L.C. वा सो सरहको शैक्षिक योग्ता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम<br>तह स. ३ को पदमा कम्तिमा ५ वर्ष सहित कुल १० वर्षको सेवा अवधि पुगेको<br>अथवा<br>टेस्ट पास वा १० कक्षाको शैक्षिक योग्यता भई तत्कालिन नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ३ को पदमा कम्तिमा १० वर्ष सहित कुल १३ वर्षको सेवा अवधि पुगेको । | S.L.C. वा सो सरहको शैक्षिक योग्ता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम<br>तह स. ३ को पदमा कम्तिमा ५ वर्ष सहित कुल १० वर्षको सेवा अवधि पुगेको<br>अथवा<br>टेस्ट पास वा १० कक्षाको शैक्षिक योग्यता भई नास्टको तत्कालिन क.प्र. नियमावली, २०५७ वमोजिम तह स. ३ को पदमा कम्तिमा १० वर्ष सहित कुल १३ वर्षको सेवा अवधि पुगेको । | |

**द्रष्टव्य: प्राविधिक विषय भन्नाले कृषि, मेडिसिन, इन्जिनिरिङ्ग, कम्प्यूटर, खाद्य प्रविधि आदि प्राविधिक विज्ञान का विषयलाई जनाउँछ ।**

**अनुसूची १ (घ)**
**(विनियम २.४ संग सम्बन्धित)**
**क.प्र. नियमावली, २०६४ अनुसार प्रज्ञा/प्रतिष्ठानका विभिन्न श्रेणीका पदमा कार्य क्षमताको मूल्यांकनको आधारबाट हुने बढुवाको लागि आवश्वक न्यूनतम योग्यता**

| **स्तर** | **बढुवा हुने श्रेणी** | **विज्ञान तथा प्रविधि सेवा** | **प्रशासन तथा प्रवर्द्धन सेवा** | **विविध सेवा** |
|---|---|---|---|---|
| **अधिकृत** | विशिष्ट | सम्बन्धित विषयमा पी.एच.डी. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १५ वर्षको अनुभव | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिामा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १५ वर्षको अुनभव<br>अथवा<br>स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल २० वर्षको अनुभव | |
| | प्रथम | सम्बन्धित विषयमा पी.एच.डी.वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृतस्तरको पदमा कुल १२ वर्षको अनुभव<br>अथवा<br>प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरको पदमा कुल १५ वर्षको अनुभव | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरमा कुल १२ वर्षको अनुभव<br>अथवा<br>स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित अधिकृत स्तरमा कुल १५ वर्षको अनुभव | |

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| | द्वितीय | सम्बन्धित विषयमा पी.एच.डी वा सो सरहको शैक्षिक योग्यता भई वा प्राविधिक विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कुल ८ वर्षको अनुभव | स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कूल ८ वर्षको अनुभव | |
| | तृतीय | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>विज्ञानमा स्नातक वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा प्रविणता प्रमाण पत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा १० वर्ष सहित कुल १५ वर्षको अनुभव | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा १० वर्ष सहित कुल १५ वर्षको अनुभव | |

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| **सहायक** | प्रथम | विज्ञानमा स्नातक वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको अनुभव<br>अथवा<br>S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्ष सहित | प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्वन्धित सेवाको एक तह मुनीको पदमा ५ वर्षको अनुभव<br>अथवा<br>S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्ष सहित | |

| | | | | |
|---|---|---|---|---|
| | | कुल १० वर्षको अनुभव | कुल १० वर्षको अनुभव | |
| | द्वितीय | S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्षको अनुभव<br><br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कुल १० वर्षको अनुभव | S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा ५ वर्षको अनुभव<br><br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष सहित कुल १० वर्षको अनुभव | |

**द्रष्टव्यः प्राविधिक विषय भन्नाले कृषि, मेडिसिन, इन्जिनिरिङ्ग, कम्प्यूटर, खाद्य प्रविधि आदि प्राविधिक विज्ञान का विषयलाई जनाउँछ ।**

## अनुसूची - १(च)
## (विनियम २.६ संग सम्बन्धित)
## क.प्र. नियमावली, २०६४ को नियम ७ को उपनियम ४(१) अन्तरगत विभिन्न श्रेणीका पदमा विशेष प्रतियोगिताबाट हुने नियुक्तिको लागि आवश्यक न्यूनतम योग्यता

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| अधिकृत | द्वितीय | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको | |
| | तृतीय | सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको<br>अथवा<br>विज्ञानमा स्नातक वा सो सरहको शैक्षिक योग्यता वा प्राविधिक विषयमा प्रविणता प्रमाण पत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा सहित कुल १५ वर्षको सेवा पुगेको | स्नातक वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको<br>अथवा<br>प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा सहित कुल १५ वर्षको सेवा पुगेको | |

| स्तर | बढुवा हुने श्रेणी | विज्ञान तथा प्रविधि सेवा | प्रशासन तथा प्रवर्द्धन सेवा | विविध सेवा |
|---|---|---|---|---|
| **सहायक** | प्रथम | विज्ञान/प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको<br>अथवा<br>S.L.C. वा सोरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष स्थायी सेवा सहित कुल १० वर्षको सेवा पुगेको<br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा सहित कुल १५ वर्षको सेवा पुगेको | प्रविणता प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको<br>अथवा<br>S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्ष स्थायी सेवा सहित कुल १० वर्षको सेवा पुगेको<br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा सहित कुल १५ वर्षको सेवा पुगेको | |
| | द्वितीय | S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको<br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा सहित कुल १० वर्षको सेवा पुगेको | S.L.C. वा सो सरहको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा पुगेको<br>अथवा<br>१० कक्षा वा टेस्ट पासको शैक्षिक योग्यता भई नास्टको सम्बन्धित सेवाको एक श्रेणी मुनीको पदमा कम्तिमा ५ वर्षको स्थायी सेवा सहित कुल १० वर्षको सेवा पुगेको | |

**द्रष्टव्य: प्राविधिक विषय भन्नाले कृषि, मेडिसिन, इन्जिनिरिङ्ग, कम्प्यूटर, खाद्य प्रविधि आदि प्राविधिक विज्ञान का विषयलाई जनाउँछ ।**